बैठक नं :
मिति :२०७८/१२/१८ गते
समयः दिनको ११:०० बजे ।
स्थानः गोलन्जोर गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुली ।

आज मिति २०७८।१२।१८ गते विहिवार दिनको ११.०० बजे गोलन्जोर गाउँपालिकाका अध्यक्ष श्री पुष्प बहादुर कार्की ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्ताबहरु माथि छलफल गरि निम्नानुसारको निर्णय पारित गरियो ।

उपस्थिती:

| | |
|---|---|
| १ श्री पुष्प बहादुर कार्की | गाउँपालिका अध्यक्ष |
| २ श्री गंगादेवी श्रेष्ठ | गाउँपालिका उपाध्यक्ष |
| ३ श्री दौलत कार्की | गाउँपालिका प्रबक्ता |
| ४ श्री मिन बहादुर सुनुवार | कार्यपालिका सदस्य |
| ५ श्री पुष्कर राज वराल | कार्यपालिका सदस्य |
| ६ श्री बेग बहादुर मगर | कार्यपालिका सदस्य |
| ७ श्री बुद्धि बहादुर पाल्पाली | कार्यपालिका सदस्य |
| ८ श्री पुरुषोत्तम श्रेष्ठ | कार्यपालिका सदस्य |
| ९ श्री रोम बहादुर देबकोटा | कार्यपालिका सदस्य |
| १० श्री भक्त बहादुर भुजेल | कार्यपालिका सदस्य |
| ११ श्री कुमारीमाया मगर | कार्यपालिका सदस्य |
| १२ श्री सावित्रा तमाङ् | कार्यपालिका सदस्य |
| १३ श्री जमुना कोईराला | कार्यपालिका सदस्य |
| १४ श्री रण बहादुर सार्की | कार्यपालिका सदस्य |
| १५ श्री ईन्द्र कुमारी हायु | कार्यपालिका सदस्य |
| १६ श्री ठाकुर प्रसाद दाहाल | निमित्त प्रमुख प्रशासकीय अधिकृत |

अन्य उपस्थितिः

श्री तिर्थ कुमार भण्डारी – नायव सुव्वा

बैठकका प्रस्तावहरु:

प्रस्ताव नं १ सम्मान सम्बन्धमा ।

प्रस्ताव नं २ बोलपत्रबाट बाँकी रकम विनियोजन सम्बन्धमा ।

प्रस्ताव नं ३ (घ) वर्गको ईजजात स्वीकृती सम्बन्धमा ।

प्रस्ताव नं ४ उपभोक्ता समिति गठन कार्यविधि २०७४ को तश्रो संसोधन सम्बन्धमा ।

निर्णय नं ५ योजना सम्झौता सम्बन्धमा ।

निर्णय नं ६ आर्थिक सहायता सम्बन्धमा ।

निर्णय नं ७ शिक्षा तर्फको योजना तथा कार्यक्रम सम्बन्धमा ।

निर्णय नं ८ आर्थिक विकास तर्फको कार्यक्रम कार्यान्वयन गर्न वडाहरुबाट कट्टा गरिएको योजना सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं १ यस गाउँपालिका वडा नं ६ स्थायी बसोवास गर्ने श्री क्षेत्र बहादुर हायुको छोरा श्री भुवन हायुले "स्वास्थ्यको लागि खेल तथा राष्ट्रको लागि खेल" भन्ने मुल नारा लिएर नेपालको तर्फबाट देशको प्रतिनिधित्व गर्दै बंगलादेश जानु भई संचालित भएको दक्षिण एसियाली खेलकुद सन् २०२२ प्रतियोगिता अन्तर्गत "सो क्यो कुसिन" कराते प्रतियोगितामा नेपालको तर्फबाट स्वर्ण पदक विजेता भई सिङ्गो नेपालको नाम अन्तराष्ट्रिय तहमा चिनाउनुको साथै स्थायी ठेगानाको हिसावले गाउँपालिको ईज्जत प्रतिष्ठा र नामलाई उच्च राख्न सफल भएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतीको कामना गर्नै निजलाई स्वास्थ्य, पोषण व्यवस्थापनको लागि आजका दिनदेखि गाउँपालिकाको तर्फबाट माशिक रु २०,०००। (अक्षरुपि विस हजार) र हाल एकमुष्ठ पुरस्कारको रुपमा रु १,०००,००।(अक्षरुपि एकलाख) उपलब्ध गराउने आजको कार्यपालिका बैठकबाट निर्णय गरियो ।

निर्णय नं २ यस गाउँपालिकाको लागि आर्थिक वर्ष २०७८/०७९ गाउँपालिकाबाट भएको टेन्डरबाट बाँकी रहेको रकम अध्यक्ष विषेश कोषमा एकमुष्ठ रकमान्तर गरि खर्च गर्ने निर्णय गरियो । साथै सो खर्च भएको रकम आगामी गाउँ सभामा अनुमोदन गर्ने समेत निर्णय गरियो ।

निर्णय नं ३ यस गाउँपालिकामा घ वर्गको ईजजात सम्बन्धि कार्यविधि वमोजिमको प्रकृया पुरा गरि पेश हुन आएको श्री लाईट रेन रियल स्टेट कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. गोलन्जोर -०६ लाई "घ" वर्गको ईजजात प्रदान गर्ने आजको कार्यपालिकाबाट निर्णय गरियो ।

निर्णय नं ४ यस गाउँपालिकामा गठन भएको उपभोक्ता समिति गठन सम्बन्धि कार्यविधि २०७४ को तेश्रो संसोधन मार्फत परिच्छेद २ को दफा ४ (२) थप गरि गाउँपालिका क्षेत्रमा समुदायको माग अनुसार विषयगत, क्षेत्रगत, कार्यक्रमगत, सामाजिक, सास्कृतिक, धार्मीक, विकास निर्माण, वातावरण संरक्षण, दिगो विकासलाई,टेवा हुने तथा लाभग्राहीहरुको माग बमोजिम बहुवर्षिय रुपमा संचालन वा निरन्तरता हुने गरि समिति दर्ता गरि अनुसूचि ३ बमोजिम प्रमाण पत्र प्रदान गर्न सकिने छ ।

निर्णय नं ५ यस गाउँपालिका आर्थीक वर्ष २०७८/०७९ को बार्षिक बजेट नीति तथा कार्यक्रको बाँकी योजना तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने शिलशिलामा वाँकी रहेका रु १,०००,००। भन्दा माथिका योजनाहरु योजना शाखाका अधिकृत स्तर छैठौं श्री तुलसी प्रसाद कोईरालाई योजना शाखा प्रमुखबाट सम्झौताको अधिकार प्रत्यायोजन गर्ने आजको कार्यपालिका बैठकबाट निर्णय गरियो ।साथै रु १,०००,००। अक्षरुपि एकलाख सम्म सम्बन्धित वडा सचिवलाई सम्झौता गर्ने अधिकार प्रत्यायोजन गर्ने समेत निर्णय गरियो साथै प्रमुख प्रशासकीय अधिकृत हाजिर भएपछी निजको आदेश निर्देशन अनुसार हुने समेत निर्णय गरियो ।

निर्णय नं ६ यस गाउँपालिकामा वडा नं ४ का वडा सदस्य श्री सन्त बहादुर सिंजाली ट्याक्टर दुर्घटनापारी गम्भिर विरामी हुनु भएकोले निजको उपचारको लागि रु १०००००। प्रदान गर्ने साथै वडा नं ३ को देव बहादुर कामीलाई रु ४००००। छात्रबृत्तिको लागि प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं ७ यस गाउँपालिका अन्तर्गत शिक्षा तर्फ वडा नं ६ मा रहेको कामदा मा. वि. को शिक्षक व्यवस्थापन शिषर्षकबाट रु ९००००। नव्बे हजार कट्टा गरि वडा नं ७ को वालकल्याण प्रा. वि. माथिल्लोवेशीलाई दिने निर्णय गरियो ।साथै प्रभात आ वि देउरालीटारको लागि विनियोजित रकमबाट निकाशाहुन बाँकी रु ४५०००। अक्षरुपि पैतालिस हजार वाशेश्वर प्रा. वि. बलेनीमा दिने निर्णय गरियो र कामदा मा वि शिक्षक व्यवस्थापनका लागि विनियोजित अनुदानबाट कटौति गरि स्थानिय पाठ्यक्रम छपाँईको लागि खर्च गर्ने निर्णय गरियो ।सानै वडा नं २ मा २०७८। ०७९ को डिहि डाँडाँ कृषि तथा पशुपालन फर्मको नाम फरक परि विनियोजित रु १०००००। रकम श्री सल्लेरी कृषि तथा पशुपंछी पालन फर्मको नाममा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं ८ स्थानिय तहबाट बाडफाँड भई प्राप्त हुने (दहत्तर बहत्तर) बाट विनियोजित आर्थिक विकास तर्फको कार्यक्रम कार्यान्वयन गर्न वडाहरुबाट कट्टा गरिएको र अन्य कट्टा गरिएको योजनाबाट संकलन हुने रकम

खाङ्कन गर्दा सुत्र प्रणालीमा स्थानिय तहबाट बाडफाँड भई प्राप्त हुने (दहत्तर बहत्तर) श्रोतलाई सापटी दिई खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं ९ आगामी बैठक आवश्यकता अनुसार बस्ने निर्णय गरियो ।